# सामलिङ्ग पावर कम्पनी लि. को तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः ३० फाल्गुन २०७८**

यस सामलिङ्ग पावर कम्पनी लिमिटेडको संचालक समितिको मिति २०७८/११/२९ (तदनुसार १३ मार्च, २०२२) गतेको दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिको मिति, स्थान र समयमा बस्ने भएको हुँदा (कम्पनी ऐन २०६३) को दफा– ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७८ साल चैत्र २१ गते सोमबार (तदनुसार ४ अप्रील, २०२२)

समय : बिहान ११ बजे, उपस्थिति पुस्तिका बिहान १०:०० बजे देखि नै खुल्ला राखिने छ।

स्थान : कार्की ब्याङ्केट, बबरमहल, काठमाडौं।

**वार्षिक साधारण सभाको छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावः**

१) आ.व. २०७७/०७८ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।

२) आ.व. २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (हाल कायम लेखा परीक्षक चार्टड एकाउन्टेन्ट श्री प्रधान एण्ड शाक्य एशोसियट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)।

**ख) विशेष प्रस्तावः**

**१. कम्पनीको नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा।**

१.१ कम्पनीको संचालक समितिको कायम संख्या ११ (एघार) जना बाट घटाई ७ (सात) जना कायम गर्न नियमावलीको नियम २७ (२) र सोसँग सम्बन्धी नियम ३१ संशोधन गर्ने।

१.२ कम्पनीको नियमावलीको नियम १७ मा आवश्यक संशोधन गर्ने।

१.३ माथि विशेष प्रस्ताव (१) को प्रस्तावित संशोधनमा नियमकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने।

**ग) सर्वसाधारण शेयरधनी समूह "ख" बाट १ जना तथा समूह "ग" बाट १ जना गरि २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने।**

**घ) विविध।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**बार्षिक साधारण सभा सम्बन्धी जानकारी**

१) उल्लेखित कम्पनीको तेस्रो वार्षिक साधारण सभामा भाग लिने प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताब मिति २०७८/१२/०७ गते एक दिनका लागी बन्द रहनेछ। शेयरधनी दर्ता किताब बन्द भएको मिति २०७८/१२/०७ भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि.बाट कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यो सभामा भाग लिन, उम्मेदवारी दर्ता गर्न तथा मतदान गर्नसक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ।

२) वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरु हुनु भन्दा १ घण्टा अगावै देखि खुला रहनेछ।

३) सम्पुर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको सानेपा-२, ललितपुर स्थित प्रधान कार्यालयमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ। वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईट www.spcl.com.np तथा शेयर रजिष्ट्रार कार्यालय नेपाल एसविआई मर्चेण्ट बैकिङ्ग लिमिटेडको कार्यालयमा समेत उपलब्ध हुने व्यहोरा सुचित गराईन्छ।

४) सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिका मा हाजिरी गर्नुपर्ने छ। सो दिन हाजिर पुस्तिका बिहान १० बजे देखि खुल्ला हुनेछ।

५) सभामा प्रवेशका लागि DMAT Account No. वा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्रको प्रतिलिपि अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।

६) सार्वजनिक शेयरधनी समूह "ख" र "ग" बाट १/१ जना गरि सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी तालिका कम्पनीको वेभसाइट www.spcl.com.np तथा कम्पनीको सूचना पाटीमा पछि प्रकाशित गरिनेछ।

७) निर्वाचन हुने सञ्चालक पदको निमित्त उम्मेदवार हुन चाहने सर्वसाधारण शेयरधनी समुह "ख" र "ग" समूहको मतदाता नामावलीमा उल्लेख भएको शेयरधनीले कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा ग्रहण गरेको हुनुपर्नेछ (संस्थाको तर्फबाट उम्मेदवार दिनेको हकमा बाहेक) र कम्पनी ऐन २०६३ बमोजिम अयोग्य नठहरिएको व्यक्ति हुनुपर्नेछ।

८) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय सानेपा-२, ललितपुरमा बुझाई सक्नुपर्नेछ र यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ। उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त कार्यालय खुल्ला रहनेछ।

९) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एकभन्दा बढि व्यक्तिलाई शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टाएर दिईएको प्रोक्सी बदर हुनेछ। कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियूक्त गरेको रहेछ भने त्यस्ता प्रतिनिधि पत्र स्वतः खारेज हुनेछ।

१०) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय सानेपा-२, ललितपुरमा बुझाई सक्नुपर्नेछ।

११) संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतीमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतीबाट नियुक्त प्रतिनिधि (प्रोक्सी) ले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ।

१२) नाबालक तथा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नुहुनेछ।

१३) शेयरधनी महानुभावहरुले सभामा उपस्थित हुदाँ सुरक्षाको दृष्टिकोणले यथाशक्य झोला, प्याकेट आदि नलिई आउनुहुन अनुरोध छ। सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नको आवश्यकतानुरुप सुरक्षा जाँच गर्न सक्ने हुदाँ सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ।

१४) कोभिड १९ को रोकथामको लागि नेपाल सरकारबाट जारी गरिएको स्वास्थ्य सम्बन्धी निर्देशन र मापदण्डहरु सबैले अनिवार्य पालन गर्नुपर्नेछ।

१५) सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध छ।

१६) सभा सम्बन्धी अन्य काम कारवाहि प्रबन्ध पत्र, निमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ।

*सानेपा - २, ललितपुर, नेपाल*
*फोन नं.: ०१-५५३०१३५, ५५२५२२८*

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

4 Col x 26cm